श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारले २०३७।८।२७ को निर्णयानुसार देहायका राजपत्र अनङ्कित प्रथम श्रेणीका कर्मचारीहरूलाई नेपाल प्रशासन सेवा अन्तर्गत लेखा समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा गरी देहायबमोजिम पदस्थापन गरेको छ ।

| क्र. सं. | नाम र थर | साविक पद र कार्यालय | हाल बढुवा भै पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री ठाकुरसिंह राई | लेखापाल, जिल्ला कार्यालय, इलाम । | राजपत्राङ्कित तृतीय श्रेणी, महालेखा नियन्त्रक कार्यालय, वा अन्तर्गत कार्यालय |
| २. | श्री पूर्णलाल कर्माचार्य | लेखापाल, महालेखा नियन्त्रक कार्यालय। | राजपत्राङ्कित तृतीय श्रेणी, महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत कार्यालय । |

आज्ञाले–
उपेन्द्रबहादुर अमात्य
श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारले मिति २०३६।१०।२२ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा. प. प्रथम श्रेणीका गृह पंचायत मन्त्रालयको सह-सचिव श्री वीरेन्द्रप्रसाद शाह-लाई सोही मन्त्रालयको अतिरिक्त सचिव पदमा नियुक्ति गरेको छ ।

आज्ञाले–
संगलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## प्रशासन व्यवस्था विभागको

### सूचना

श्री ५ को सरकारले मिति २०३७।११।६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, रा. प. तृतीय श्रेणी, रक्षा मन्त्रालयको शाखा अधिकृत श्री विमलप्रसाद वाग्लेलाई प्रशासन व्यवस्था विभागको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सरुवा गरेको छ ।

आज्ञाले–
उपेन्द्रबहादुर अमात्य
श्री ५ को सरकारको उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।